राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७६ जेठ २९

**प्रदर्शनकारीहरुमाथि भएको बल प्रयोग सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण ।**

**गुठी विधेयक सांस्कृतिक अधिकार अनुकूल बनाऊ ।**

सरकारले संघीय संसदमा दर्ता गराएको गुठी सम्बन्धी विधेयक खारेजीको माग गर्दै गुठीयारहरुद्वारा गरिएको प्रदर्शनमा प्रहरीबाट २०७६ जेठ २६ गते भएको अमानवीय व्यवहारका साथै बल प्रयोगको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रहरीको लाठी प्रहारबाट दुई जना प्रदर्शनकारी घाइते भएको तथा चार जना पक्राउ परेको अनुगमनको क्रममा बुझिएको छ। साथै, प्रदर्शनकारीहरुलाई प्रहरीले अपमानजनक व्यवहार समेत गरेको अनुगमनबाट पाइएको छ। उक्त कार्यबाट नेपालको संविधान (२०७२) को धारा १७ (ख) र मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा २० मा उल्लिखित बिना हातहतियार भेला भई शान्तिपूर्ण रुपमा प्रदर्शन गर्न पाउने अधिकारको हनन् भएको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २७ ले सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने उल्लेख गरेको छ ।

अतः शान्तिपूर्ण रुपमा भेला हुने तथा प्रदर्शन गर्ने नागरिकको अधिकारको सम्मान गर्न, घाइतेको स्वास्थ्य उपचार गर्न, दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन एवं वार्ता र संवादबाट समस्याको समाधान गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

सांस्कृतिक अधिकार मानव अधिकारकै अभिन्न अंग भएको हुँदा यो अधिकार कुनै पनि रुपमा कसैबाट पनि हनन् गर्न नपाइने कुरामा आयोग दृढ छ । परम्परादेखि चलिआएको विभिन्न वर्ग तथा समूहका मानवहरुको संस्कृति लोप हुने अवस्था आउन नदिने तर्फ संवेदनशील हुँदै यस अधिकारको संरक्षणको प्रत्याभूति गर्न आयोग नेपाल सरकार, राजनीतिक दल लगायत सम्बन्धित पक्षलाई विशेष आग्रह गर्दछ । साथै, आफ्ना मागहरु राख्दा एवं विरोधका कार्यक्रमहरु सञ्चालन गर्दा संयमित हुन आयोग प्रदर्शनकारीहरुलाई आग्रह गर्दछ ।

डा.टीकाराम पोखरेल
निर्देशक

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org